अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२।०२।२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	मान बहादुर खड्का र प्रेम बहादुर श्रेष्ठ मुद्दा नं. ०८०-CR-००५३ फैसला मिति २०८१।०३।२५	**सरकारी अनुदाको रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको**	**आयोगको माग दावी** **(क) प्रतिवादीहरु मधेश प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालीन मन्त्री विजय कुमार र जिल्ला सर्लाही, लालबन्दी नगरपालिकाका तत्कालीन नगर प्रमुख मान बहादुर खड्काको हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही दफा १७ ले व्यवस्था गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद र जरिवाना गरी हानी नोक्सानी, दुरुपयोग भएको रकम रु.१७,९८,३३,०००।- (अक्षेरेपि सत्र करोड अन्ठानब्ने लाख तेत्तिस हजार रुपियाँ मात्र) सोही ऐनको दफा १७ बमोजिम निजहरुबाट असुल उपर गर्न साथै प्रचलित कानूनअनुसार बजेट कार्यान्वयन गर्ने अख्तियारी आफूलाई नरहेको अवस्थामा सो आफूलाई नरहेको अधिकार प्रयोग गरी प्रतिवादीहरुले त्रिपक्षीय समझदारी-पत्रमा हस्ताक्षर गरेको देखिँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुरमा सोही दफा १५ बमोजिम समेत कैद र जरिवाना हुन तथा प्रदेश सरकारको मन्त्रीको हैसियतमा रहेका बखत कसुर गरेको देखिँदा प्रतिवादी विजय कुमारको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप कैद सजाय समेत हुन मागदावी लिइएको छ। **(ख) प्रतिवादी मधेश प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालीन सचिव प्रेम कुमार श्रेष्ठको हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही दफा १७ ले व्यवस्था गरेबमोजिम सोहीऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद र जरिवाना गरी हानी नोक्सानी, दुरुपयोग भएको विगो रु.३,२७,००,०००।— (अक्षेरेपि तीन करोड सत्ताइस लाख रुपियाँ मात्र) सोही ऐनको दफा १७ बमोजिम निजबाट असुल उपर गर्न साथै निजले राष्ट्रिय योजना आयोगमा झुट्टा व्यहोराको शर्त घोषणा पेश गरेको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिमको कसुरमा सोही दफा १९(२) बमोजिम कैद र जरिवाना समेत हुन मागदावी लिइएको छ। **(ग) प्रतिवादीहरु तत्कालीन झलनाथ खनाल स्वास्थ्य विज्ञान**	**(क)** प्रतिवादी मानबहादुर खड्काले अनुसन्धानका क्रममा तथा अदालतमा समेत आरोपित कसुरमा इन्कार रही बयान गरेको एवम् निज प्रतिवादीले कुनै बजेट विनियोजन गरेको, नगरपालिकाको बजेट निकासा दिएको वा बजेट छुट्याई खर्च गरेको समेत नदेखिएको । **(ख)** प्रतिवादी प्रेमकुमार श्रेष्ठले अनुसन्धान तथा अदालतमा समेत आरोपित कसुरमा इन्कार रही बयान गरेको र माननीय मन्त्रीबाट भएको निर्णय लागु गर्नु सम्बन्धित मन्त्रालयका सचिवको कर्तव्य भएको हुँदा निज प्रतिवादीको कुनै बदनियत नदेखिएको ।	• मधेश प्रदेश सरकारको आ.व. ०७६।७७ को नीति तथा कार्यक्रममा समावेश भई बजेट वक्तव्यको बुँदा नं ३३ मा नेपाल सरकार र प्रदेश सरकारको लागत सहभागिताका आधारमा प्रदेश सरकारबाट विनियोजित र संघीय सरकारबाट समेत प्राप्त समपूरक अनुदान रकम सर्पको विष संकलन, प्रशोधन, उत्पादन केन्द्र स्थापनाका निमित्त भौतिक संरचना निर्माणका लागि प्रचलित कानून अनुसार लेखा उत्तरदायी अधिकृतले कार्यान्वयन गर्ने गरी अख्तियारी समेत प्रदान भएको अवस्थामा प्रतिवादीहरु विजय कुमार र मान बहादुर खड्काले आफूलाई नभएको अधिकार समेत प्रयोग गरी प्रचलित कानून विपरीत लागत साझेदारी शून्य रहेको झलनाथ खनाल स्वास्थ विज्ञान प्रतिष्ठान नेपाल नामको गैर सरकारी संस्था/कम्पनीलाई सरकारी रकम उपलब्ध गराएको देखिन्छ । झलनाथ खनाल स्वास्थ विज्ञान प्रतिष्ठान नेपाल नामको गैरसरकारी संस्थाबाटै कार्यक्रम कार्यान्वयन र खर्चको लेखाङ्कन गर्ने गरी उक्त गैर सरकारी संस्था/कम्पनीका अध्यक्ष रेवती प्रसाद पन्तसँग त्रिपक्षीय समझदारीपत्रमा हस्ताक्षर गरेको कार्यमा बदनियत देखिन्छ भने प्रचलित सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ अनुसारको प्रक्रिया पूरा नगरी निजी संस्था छनौट गरेको पाइन्छ । त्यस्तै समझदारीपत्रका आधारमा बदनियतपूर्वक प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट लालबन्दी नगरपालिकालाई र सो नगरपालिकाबाट उक्त गैर सरकारी संस्था/कम्पनीका नाममा सरकारी रकम रु.१७,९८,३३,०००।— निकासा भएको तथ्यबाट प्रतिवादी मानबहादुर खड्काको संलग्नतालाई बेवास्ता गर्न मिल्दैन । यसरी बदनियतपूर्वक सरकारी रकम निकासा भएको र आयोजनाको प्रगति शून्य देखिएको हुँदा उक्त आयोजना सम्झौतामा संलग्न सबै व्यक्तिको दायित्व हुन्छ नै । त्रिपक्षीय सम्झौता गर्ने हस्ताक्षरकर्ताहरु मधेश प्रदेश सरकारका मन्त्री विजय कुमार र झलनाथ खनाल स्वास्थ विज्ञान प्रतिष्ठान नेपालका अध्यक्ष रेवती प्रसाद पन्तलाई आरोप दावीबमोजिम सजाय भए तापनि एक हस्ताक्षरकर्ता लालबन्दी नगरपालिका, सर्लाहीका नगरप्रमुख मानबहादुर खड्कालाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । • सर्पको विष संकलन, प्रशोधन, उत्पादन केन्द्र स्थापनाका निमित्त भौतिक संरचना निर्माणका लागि बजेट विनियोजन भएपश्चात प्रतिवादी प्रेमकुमार श्रेष्ठले सोही कार्यक्रमको लागि कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्तिको व्यवस्था भएको; योजनाको विस्तृत अध्ययन प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन लगायतका अध्ययन तथा पूर्वतयारी सम्पन्न भएको भन्ने समेतका नभएका झुट्टा विवरण समपूरक अनुदान रकम परिचालन शर्त घोषणामा उल्लेख गरी राष्ट्रिय योजना आयोगमा अनुदान प्रस्ताव पेश गरेको देखिन्छ । निजले पेश गरेको सो झुट्टा विवरणका आधारमा समपूरक अनुदान स्वीकृत भई आ.व. ०७६।७७ मा नेपाल सरकारबाट समपूरक अनुदान स्वरुप रु.३,२७,००,०००।— प्राप्त भएकोमा प्रचलित कानून बमोजिम आयोजना कार्यान्वयनको जिम्मेवारी प्रदेश सरकारलाई रहे तापनि प्रदेश सरकारले विनियोजन गरेको र नेपाल सरकारबाट प्राप्त समपूरक अनुदान समेतको सम्पूर्ण सरकारी रकम झलनाथ खनाल स्वास्थ विज्ञान प्रतिष्ठान नेपाल नामक गैर सरकारी संस्था/कम्पनीलाई उपलब्ध गराई सोही संस्थाबाटै कार्यक्रम कार्यान्वयन र खर्चको लेखाङ्कन गर्ने गरी भएको त्रिपक्षीय समझदारीपत्र हस्ताक्षर गर्ने कार्यको रोहबरमा प्रदेश सचिव

			प्रतिष्ठान नेपाल हाल राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद्का सञ्चालक समितिका पदाधिकारीहरु अध्यक्ष रेवती प्रसाद पन्त, महासचिव नानीवावु भन्ने नवराज भण्डारी, कोषाध्यक्ष निरज भण्डारी र सदस्य देवेन्द्र रायको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ को स्पष्टीकरण खण्ड समेतको आधारमा निज प्रतिवादीहरु रेवती प्रसाद पन्त, नानीवावु भन्ने नवराज भण्डारी, निरज भण्डारी र देवेन्द्र राय उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुरको मतियारमा सोही ऐनको दफा २२ को प्रतिबद्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम सह प्रतिवादीहरुलाई हुने सरहकै कैद र जरिवाना हुन मागदावी लिइएको छ। **(घ) तत्कालीन झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल हाल राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद्को** नाममा रहेको जिल्ला सर्लाही, लालबन्दी नगरपालिका वडा नं. १ स्थित ८ बिघा ९ कट्टा ६.३३ धुर जग्गा र सोही संस्थाको नाममा रहेको सवारी दर्ता नं. प्रदेश ३ - ०१ ०२३ च ४७३४ को चारपाङ्ग्रे सवारी साधन (Mahindra Scorpio S5 2WD) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत गरि पाउन समेत मागदावी लिइएको छ। **अदालतको फैसला** **(क)** प्रतिवादी विजय कुमारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा रु.१७,९८,३३,०००।— बिगो कायम गरी सोही ऐनको दफा ३(१)(झ) बमोजिम ८ वर्ष कैद र दफा ३(१) बमोजिम बिगोको दामासाहीले हुने रु.३,५९,६६,६६०।— जरिवाना हुने तथा सोही ऐनको दफा १५ बमोजिम १ वर्ष कैद र रु.५०,०००।— जरिवाना हुने र सोही ऐनको दफा २४ बमोजिम थप १ महिना कैद हुने । **(ख)** प्रतिवादीहरु रेवतीप्रसाद पन्त, नवराज भण्डारी, निरज भण्डारी र देवेन्द्र रायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियारमा दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम जनही ८ वर्ष कैद र बिगोको दामासाहीले हुने रु.३,५९,६६,६६०।— जनही जरिवाना हुने । **(ग)** राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद्को नाममा रहेको जिल्ला सर्लाही, लालबन्दी नगरपालिका वडा नं. १		निज प्रतिवादी प्रेमकुमार श्रेष्ठ समेत रहेको देखिन्छ । प्रचलित कानून विपरीत हुने त्रिपक्षीय समझदारीपत्र अनुसार नै सरकारी रकम गैर सरकारी संस्थालाई उपलब्ध गराउने प्रयोजनार्थ लालबन्दी नगरपालिकालाई वित्तिय हस्तान्तरण गर्ने कार्यमा समेत निज प्रतिवादी प्रेमकुमार श्रेष्ठको संलग्नता प्रष्ट रुपमा देखिँदादेखिँदै आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ। • सार्वजनिक कोषको परिचालन तथा खर्च संवेदनशील कार्य हो । यस्तो कार्यमा *जिम्मेवार पदाधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोतका आधारमा खर्च गर्न आदेश दिनुपर्ने र त्यस्तो सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्नेछ* भन्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा उल्लेख गरिएको छ । सार्वजनिक कोषको खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतका लेखाका सर्वमान्य सिद्धान्तलाई आत्मसात् गर्नुपर्छ ।प्रस्तुत मुद्दाका प्रतिवादी मान बहादुर खड्का लालबन्दी नगरपालिका, सर्लाहीका तत्कालीन नगर प्रमुख र प्रतिवादी प्रेम कुमार श्रेष्ठ मधेश प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालीन प्रेदश सचिव भई सार्वजनिक पदमा आसीन भएको हुँदा सार्वजनिक कोषको सदुपयोग र परिचालन गर्नुपर्नेमा निज प्रतिवादीहरु समेत कानुन विपरीत समझदारीपत्रमा संलग्न भएको देखिँदा देखिँदै निज प्रतिवादीहरु मान बहादुर खड्का र प्रेम कुमार श्रेष्ठलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ। • सम्मानित सर्वोच्च अदालतबाट जगरनाथप्रसाद सोनार विरुद्ध नेपाल सरकार भएको <u>भ्रष्टाचार मुद्दा</u>मा **(ने.का.प. २०७५, अंक ३, नि.नं. १०३८७)** फैसला हुँदा *"भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरुसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुऱ्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने"* भन्ने सिद्धान्त प्रतिपादन भए तापनि प्रस्तुत मुद्दामा त्रिपक्षीय सम्झौता गर्नेमध्येका प्रतिवादीद्वय विजय कुमार र रेवतीप्रसाद पन्तलाई सजाय भएको तर अर्का प्रतिवादी मान बहादुर खड्कालाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ। अतः उल्लिखित आधार कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरु मानबहादुर खड्का र प्रेमकुमार श्रेष्ठलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा निज प्रतिवादी <u>मान बहादुर खड्का र प्रेम कुमार श्रेष्ठ</u>लाई आरोप मागदावी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ ।

			स्थित ८ बिघा ९ कट्ठा ६.३३ धुर जग्गा र सोही संस्थाको नाममा रहेको सवारी दर्ता नं. प्रदेश ३ - ०१ ०२३ च ४७३४ को चारपाङ्ग्रे सवारी साधन (Mahindra Scorpio S5 2WD) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत हुने **(घ)** प्रतिवादीहरुमध्येका लालबन्दी नगरपालिका, सर्लाहीका प्रमुख मान बहादुर खड्का र मधेश प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालीन सचिव प्रेम कुमार श्रेष्ठलाई अभियोग दाबीबाट सफाई हुने ।		